# संसदीय व्यवस्थाको सिद्धान्त र व्यवहार



दिवाकर अधिकारी

> संसदीय व्यवस्थामा विपक्षीलाई विरोध गर्ने छुट हुन्छ । सरकारले अभिव्यक्ति स्वतन्त्रताका लागि बाटो खुला गरेर आफ्ना काम कारवाही गर्नुपर्छ । देशमा भए-गरेका सबै क्रियाकलापको नैतिक दायित्व सरकारकै हुन्छ । ऊ जहिल्यै जनताप्रति जिम्मेवार हुनुपर्छ ।



अहिले नेपालमा कम्युनिष्ट पार्टीको झण्डै झण्डै दुईतिहाई बहुमत सहितको सरकार छ। यसको मतलब नेपालमा कम्युनिष्ट शासन होइन अहिले । अहिले नेपालमा संसदीय शासन व्यवस्था मार्फत शासन भइरहेको छ। हरेका शासन व्यवस्थामा जस्तै संसदीय व्यवस्थाका पनि आफ्नै मान्यता हुन्छन्। यसको मुल मान्यता भनेको बहुमतको शासन र अल्पमतको प्रतिपक्ष भन्ने हो । यसको अर्थ भनेको संसदीय व्यवस्थामा सत्तापक्षका जतिकै संवैधानिक र जनता प्रति प्रतिपक्षको जिम्मेवारी पनि उत्तिकै हुन्छ। शासन बहुमत अर्थात सरकारले गर्दछ अनि सरकारलाई खबरदारी र सहयोग प्रतिपक्षले संसदबाट गर्ने गर्दछ । यसैले संसदीय व्यवस्थामा प्रमुख प्रतिपक्षी दलको नेतालाई संवैधानिक हैसियत दिएको हुन्छ । विपक्षी दलको नेतालाई संवैधानिक व्यवस्था हैसियत दिएर संसदीय व्यवस्थाले सरकारलाई जिम्मेवार बनाउने दायित्व विपक्षी दललाई दिएको छ। संसदीय व्यवस्थामा विश्वव्यापी मान्यता यीनै हुन् ।

सिद्धान्ततः नेपालमा पनि अहिले संसदीय व्यवस्था छ। तर व्यवहारमा संसदीय व्यवस्थाको कार्यान्वयन देखिएको छैन । किनभने संसदीय व्यवस्था भनेको बहुमतको शासन र अल्पमतको कदर पनि हो। अनि शासन भनेको लहडका भरमा हुँदैन । शासन गर्नका लागि केहि विधी प्रक्रिया र पद्दती हुन्छ। अहिले शासनमा न विधि देखिएको छ, न पद्दती । अनि शासन संचालकले प्रक्रियालाई पनि पंगु बनाएका छन् । शासन संचालकले सबै सत्ता चलाउँदा प्रतिपक्षको कदर गर्नुपर्छ । तर अहिले यी कुनै पनि विषय नागरिकले महसुस गरेका छैनन् । यो अवस्थामा प्रतिपक्षको प्रयास शासन सही ट्र्याकमा ल्याउनु संसदीय व्यवस्थाको मर्यादा भित्र पर्दछ । तर प्रतिपक्षको प्रयास पनि आम नागरिकको नजरमा परेको छैन ।

संसद्मा राष्ट्रिय मुद्दा र जनअधिकारका विषयमा कहिल्यै व्यापक छलफल भएको नागरिकले महसुस गरेका छैनन् । संसद भनेको नागरिकहरुको आवाज बुलन्द गर्ने थलो हो। जनताको प्रतिनीधिहरु आफ्ना निर्वाचन क्षेत्र जाने अनि आफ्ना मतदाताको आवाज संसद् मार्फत सरकारलाई सुनाउने र कार्यान्वियन गराउन दबाब दिने हो। तर यो कर्तव्य न सांसद्हरुले पूरा गर्न सकेका छन्, न त सरकारले नै यो वातावरण बनाएको छ । सीमा विवाद, भ्रष्टाचार, हत्या, हिंसा, बलात्कार र राज्यको दोहनजस्ता गम्भीर र संवेदनशील विषयहरुमा आम नागरिक चोकदेखि चिया पसलसम्म बहस र छलफल गरिरहेका छन् । तर संसद्मा गहन रुपमा एउटा निचोड निकाल्ने रुपमा छलफल भएको नागरिकले सुन्न पाएका छैनन् ।

संसदीय व्यवस्थामा विरोधीलाई विरोध गर्ने छुट हुन्छ । सरकारले अभिव्यक्ति स्वतन्त्रताका लागि बाटो खुला गरेर आफ्ना काम कारवाही गर्नुपर्छ । देशमा भए-गरेका सबै क्रियाकलापको नैतिक दायित्व सरकारकै हुन्छ। ऊ जहिल्यै जनताप्रति जिम्मेवार हुनुपर्छ। र सरकारले गरेका कामको अडिट गर्ने जिम्मा आम नागरिकले पाउनुपर्छ। यसको पहिलो सर्त भनेको सरकारले गरेका काम पारदर्शी हुनुपर्छ । सरकारका कामको अडिट नागरिकले संसद् मार्फत गर्ने हो। तर सरकारले गरेका कामको खुला छलफल संसदमा हुन सकेको छैन । त्यही कारणले नागरिकहरुले आक्रोश पोख्ने थलो चिया पसल, चोक र समाजिक सञ्जाल बन्ने गरेका छन् । यसलाई सरकारले सहन सकेको जस्तो देखिँदैन ।

संसदीय व्यवस्थाको व्यवहारिक प्रयोग गर्न सरकार पछि हट्दै छ। यो स्वभाविक पनि हो। अहिलेको सरकार संचालन गरिरहेका दलहरुको आदर्श संसदीय व्यवस्था होइन । उनीहरुको अहिलेको नीति भनेको संसदीय व्यवस्थालाई उपयोग गर्ने मात्र हो। तर प्रतिपक्षको भूमिका संसदीय व्यवस्थालाई व्यवहारमा उतार्ने नहुनु सुखद होइन। प्रमुख प्रतिपक्ष कांग्रेसले सडक र सदनमै भद्र विपक्षीको भूमिका निर्वाह गरेको तर्क गरिन्छ। हो प्रतिपक्ष भद्र हुनुपर्छ। तर त्यो भद्रता कम्तिमा संसदीय राजनीतिको मुल्य मान्यताभित्र हुनुपर्छ।

सरकारको मुख्य मार्गचित्र संविधानको कार्यान्वयन र आर्थिक समृद्धि हो । संघीयता कार्यान्वयनमा आएपछि सिंहदरबारको अधिकार तल्ला तहमा विकेन्द्रित गर्नुपर्ने हो, तर सरकारले संघ र प्रदेशबीच द्वन्द्व नै बढाउने गरी केन्द्रिकृत शासन अभ्यासको थालनी गरेको छ । सरकार कानुनी शासनको राज होइन, कानून बनाएर शासन गर्ने मुडमा छ। मौलिक हकको ठाडो उल्लंघन हुने गरी सरकारले कानून निर्माण गर्न थालेको छ। सूचना प्रविधि, मिडिया काउन्सिल, राष्ट्रिय सुरक्षा परिषद्का काम, कर्तव्य र अधिकारलगायतका दर्जन विधेयक संविधानका मूल मर्म र भावनाविपरीत ल्याइएका छन्। यसमा प्रतिपक्ष दलले तर्क गर्ने गरेको भद्रता प्रति नागरिक सन्तुष्ट हुन सकेका छैनन् । लोकतान्त्रिक शासन पद्धतिलाई कमजोर बनाउन नियोजित रूपमा सरकार अघि बढिरहेका बेला कांग्रेसले लोकतन्त्रवादीहरूलाई चट्टान बनेर ढाडस दिनुपर्ने आवश्यकता छ। ●










## आशा र अवसर

# सुखको बाटो के हो ?



**सन्तोष खड्का**

आफु सँग जे जति छ त्यसैमा सन्तुष्ट हुन सकेको खण्डमा हामी संसारकै सबैभन्दा सुखी बन्न सक्दछौं तर आफुलाई अरूसँग तुलना गर्न पुगियो भने संसारकै सबैभन्दा दुखि बन्नबाट हामीलाई ईश्वरले पनि रोक्न सक्दैनन् ।

'आफुसँग जे छ त्यसैमा खुसी हुन सक्नु नै बास्तबमा हामी सुखी हुन सक्ने मुल मंत्र हो । ' बुद्धले भनेका पनि छन्- 'खुशी रोजाई हो, परिणाम होइन' र बास्तबमै जब हाम्रो रोजाई खुशी हुन्छ, हामी स्वत सुखी हुन पुग्दछौं । हामी सुखी वा दुखि के हुने भन्ने छनौट हाम्रो हो । आफु सँग जे जति छ त्यसैमा सन्तुष्ट हुन सकेको खण्डमा हामी संसारकै सबैभन्दा सुखी बन्न सक्दछौं तर आफुलाई अरूसँग तुलना गर्न पुगियो भने संसारकै सबैभन्दा दुखि बन्नबाट हामीलाई ईश्वरले पनि रोक्न सक्दैनन्। त्यसैले भनिन्छ पनि 'सन्तोषम् परम सुखम्'। संसारमा सफल भएका अधिकांश ब्यक्तिहरूको सुखी हुने आफ्नै तरिका भएता पनि समग्रमा सबैका एकै प्रकारका जीवन जिउने पद्दतीहरू देख्न सकिन्छ ।

**आफुले आफौलाई बिश्वास गर्नुहोस्, आफुसाग कहिल्यै नहान्नुहोस्**

कहिलेकाहीँ हामी आफ्नो सानो असफलता बाट पनि जीवनमा ज्यादै दुखी भइराखेका हुन्छम् र त्यहीँ सानो असफलतालाई नै दुखको कारण बनाइराखेका हुन्छम् तर हामीले के बुझ्न आवश्यक छ भने असफलता नै सफलताको जननी हो । त्यसकारण हामीले आफुले आफुलाई बिश्वास गरेर आफैँलाई जित्न आवश्यक हुन्छ । हामीले जीवनमा सफल र सुखी भएका व्यक्तिहरू मध्येमा ज्याक मा, अमिताभ बच्चन र कैयौँ अरू सफल ब्यक्तिहरूको जीवनशैलि अध्ययन गर्‍यौं भने पनि उनीहरुले जीवनमा आफुले आफैँलाई विश्वास गरेर सफल भएको उदाहरणहरू प्रष्ट रूपमा देख्न सकिन्छ ।

**कृतज्ञता नै सुखको बाटो हो**

हाम्रा इच्छा र आकांक्षाहरूलाई बढी नै नियन्त्रण गरेर सुखी हुन खोज्नु पनि हाम्रो ठुलो मुर्खता हुन सक्दछ, किनकि खरानी धसेर सन्यासी नै हुनु पनि समस्याको सामाधान होइन तर आफूसँग जे छ त्यसैमा सन्तुष्ट भएर कृतज्ञताको जीवन बाँच्न सकेको खण्डमा जीवन साँच्चिकै सुखी हुन पुग्दछ। यो संसारमा जति पनि सफल मानिसहरू ती सम्पुर्ण कृतज्ञताको जीवन बाँचेर सुखी भएका छन् । धनी भएर सुखी हुन सकिन्छ भन्ने भ्रममा हामी आफ्नो जीवनको गति लाई यति धेरै तीब्र बनाइरहेको हुन्छम कि सबै धनी मान्छे सुखी हुन सक्दैनन् भन्ने चेत आइनसक्दै हामी ठुलो दुर्घटनामा परि सक्छौं। कृतज्ञताको जीवन जियाँइमा यति शक्ति हुन्छ कि, जति सुकै दु:खी मान्छे पनि सुखी साथ जीवन जिउन सक्दछ । यसै क्रममा कृतज्ञताको जीवन जिएर बिश्वमा आफूलाई नमुनाको रूपमा प्रस्तुत गर्नुभएका नेशनल मन्डेलाले भन्नुपनि भएको छ, 'म कहिल्यै हार्दिन, कि जित्छु, कि सिक्छु'। हामीले हारलाई पनि सिकाइको रूपमा लिदैँ, कृतज्ञताको जीवन जिँयमा जीवनमा सुखी हुन त्यति गाह्रो छैन ।

**परिवार र आत्मियजनहरूलाई समय दिनुहोस्**

हामीले परिवार र आत्मीय जनहरूलाई थोरै मात्र समय देन सकेको खण्डमा हाम्रा सम्पुर्ण तनाब र कठिनाईहरू हट्नु त छदैछ, परिवार र आत्मीय जनहरूसँगको सुमधुर प्रेम सम्बन्धले थप उर्जा र जीवनप्रति सकारात्मक उत्प्रेरणा समेत प्रदान गर्दछ । विभिन्न अनुसन्धान र खोजहरूले पनि, जो व्यक्तिले सबै भन्दा बढी समय परिवार र आत्मीय जनहरूसँग व्यतित गर्दछ, उसको रोग प्रतिरोधात्मक क्षमता अरूको तुलनामा बढी हुनुको साथै तनावबाट पनि धेरै टाढा हुने रहस्य समेत पत्ता लगाएको छ। पाश्चात्य मुलुकहरूमा भन्दा पूर्वीय मुलुकका मानिसहरूमा तुलनात्मक रूपमा तनाब कम हुनुको कारण पनि पाश्चात्य मुलुकहरूमा भन्दा पूर्वीय मुलुकहरूमा परिवारिक प्रेम र आपसी सम्बन्ध बढी सुमधुर हुनुका साथै परिबारिक मुल्य र मान्यताहरुलाई बढि महत्व दिएको पाइन्छ। परिवार र आत्मीय जनहरूलाई समय दिँदा जुन अतुलनीय सुख मिल्दछ, त्यो सुख कुनै पनि धनसम्पत्ति वा भौतिक कुराहरुसँग तुलना गर्न सकिन्न। परिवार र आत्मिकजनहरू सँग बिताएका छोटा पलहरुले पनि हामीलाई धेरै सुख प्रदान गर्दछ ।



**सकारात्मक सोचको विकास गर्नुहोस्**

भागवत गीतामा भनिएको पनि छ- 'हामी जस्तो सोच्छौँ, अन्त्यमा त्यस्तै हुन्छौँ पनि ।' सकारात्मक सोचको उपयोग धार्मिक मात्र होइन, पुर्ण बैज्ञानिक पनि छ। हामी जस्तो वातावरणमा हुर्कन्छौँ, हामी त्यस्तै बन्न पुग्छौँ । सत्कर्ममा विश्वास राख्ने, सकारात्मक सोच भएको परिवारमा जन्मेको मानिस कहिल्यै अराजक हुन्नैँ सक्दैन ।

त्यसकारण परिवार र परिवारका हरेक सदस्यहरूमा सकारात्मक सोचको उपयोग हुन अत्यन्त आबश्यक छ। सकारात्मक सोचलेनै हामीलाई सुखी बनाउँदछ। सकारात्मक सोच यस्तो अमृत हो, जसले जस्तोसुकै दु:खबाट पनि मुक्ति दिलाएर सुखी बनाउँदछ। सकारात्मक सोचको कति सम्म प्रभाव हुन्छ भनेर हेर्नको लागि हामीले दुईवटा उस्ता उस्तै बिरूवाहरू लिएर एक हप्ता सम्म एउटा बिरुवालाई माया गरेर, राम्रो राम्रो शब्दहरू प्रयोग गर्‍यौं तर अर्को बिरूवालाई गालि गरेर, अपशब्दहरू प्रयोग गर्‍यौं भने हामीले एक हप्तासम्ममा यी दुई बिरुवाहरूमा ठुलो परिवर्तन देख्न सक्दछौं । माया गरेको बिरूवा सर्लक्क र चिल्लो भएर बढ्नेछ तर दोस्रो बिरूवा जसलाई हामीले गाली र अपशब्द प्रयोग गरेका थियौं, त्यो बिरूवा एक्दमै कुरूप र मर्न लागेको पाउनेछौं, किनकि यो बिरूवाले एक हप्तासम्म निरन्तर गाली र अपशब्द सुनेकोले जीवन प्रतिको आस र भरोसा गुमाइसकेको छ । बिरूवामा त सकारात्मक सोचको यति प्रभाव हुन्छ भने मानवीय जीवनमा सकारात्मक सोचको महत्व वर्णन नै गर्न सकिदैंन । जोसँग सकारात्मक सोच छ, ऊ नै सफलताको शिखरमा पुग्दछ र सुखी हुन्छ तर जोसँग सकारात्मक सोच छैन, ऊ भाग्यलाई दोष दिन्छ र जीवनभर दुखी भएर बाँच्छ । म सुखी छु, सुखी हुनुपर्छ र सुखी रहिरहन्छु भन्ने सोचले नै हामीलाई जीवनभर सुखी बनाइरहन्छ ।

**ध्यान गर्नुहोस्**

ध्यानले हामीलाई नकारात्मक चिन्तन नष्ट गराएर सकारात्मक चिन्तन गर्नको लागि सहयोग गर्दछ। हाम्रो मन यति चञ्चल छ कि, हामीले नचाहदाँ नचाहदैँ पनि असंख्य कल्पना तथा असंख्य चिन्तनहरु आउँदछन् । असंख्य कल्पना तथा असंख्य नकारात्मक चिन्तनहरुले हामीमा विभिन्न प्रकारका समस्याहरू पनि सिर्जना गराउँदछ । मानसिक तनाव, शारीरिक आलस्यता, डिप्रेसन एंव बिभिन्न प्रकारका समस्याहरू जो हेर्दा सरल देखिन्छ तर हाम्रो दैनिक जनजीवनमा ठुलो असर पारिराखेको हुन्छ । हामीले दैनिक रूपमा छोटो समय ध्यानको लागि छुट्टयाउन सकेको खण्डमा ध्यानले हामीलाई मानसिक तनाव, शारीरिक आलस्यता, डिप्रेसन एव बिभिन्न प्रकारका समस्याहरू छुट्कारा दिने मात्रै नभईकन अनावश्यक असंख्य नकारात्मक चिन्तन तथा कल्पनाहरूलाई मनबाट हटाएर मनलाई शुद्धिकरण गरी पवित्र बनाउँछ, जसको फलस्वरुप हामी आत्मिय र दिर्घकालिन सुखको अनुभूति गर्न सक्दछौं ।

*(लेखक नेपाल पत्रकार मञ्च दक्षिण कोरिया शाखाका अध्यक्ष हुन् ।)* ●




















## आशा र अवसर

# खेलाडीलाई निराश नबनाऊँ



**मुक्तिबाबु रेग्मी**



**एक जना खेलाडी तयार हुनका लागि उसले धेरै मेहेनत गरेको हुन्छ । त्यसैगरी आर्थिक लगानि पनि थुप्रै गरेको हुन्छ । सागमा खेलेका केही खेलाडीहरु खेल्नका लागि आवश्यक पर्ने कुराहरुको जोहो गर्नका लागि पनि अरुको भर पर्नुपर्ने अवस्थामा छन् ।**

१३ औं दक्षिण एसियाली खेलकुद नेपाललाई ऐतिहासिक उपलब्धि दिलाएर सम्पन्न भइसकेको छ। प्रतियोगिता सम्पन्न भए पनि यसको प्रभाव र दवाव भने अनन्त कालसम्म यस कारणले महत्पूर्ण छ की विगतको तुलनामा यस पटक धेरै पदक जितेर नेपालले रेकर्ड नै बनाएको छ। १९९९ मा काठमाडौंमा भएको आठौं सागमा ३१ स्वर्ण पदक जित्दै दोस्रो भएको नेपाल यसपटक ५१ स्वर्ण पदक जित्दै फेरि दोस्रो स्थानमा रह्यो । आफ्नै मैदानमा नेपाली खेलाडीहरुले उत्कृष्ट प्रदर्शन गरे । व्यवस्थापनका हिसावले केही कमीकमजोरीहरु भए पनि यस पटकको सागले नेपाली खेलकुद क्षेत्रलाई पक्कै पनि खुशी दिलाएको छ। साग आयोजनाको चुनौतीलाई चिर्दै नेतृत्वमा आएका रमेश कुमार सिलवाल अन्ततः आफूलाई सफल र भाग्यमानी सावित गर्न सफल भए । हुन त खेलकुदमा एक्लै गरेर केही हुँदैन । त्यसका लागि टिम इफोर्ट नै चाहिन्छ। जुन टिम सदस्यसचिवले बनाएर नेतृत्वमा आएको चार महिना भित्र पुरा गरे त्यसले आगामी दिनमा पनि आँट गरे के हुँदैन भन्ने प्रमाणित पनि गरेको छ । हेरक खेलाडीहरुले उत्कृष्ट प्रदर्शन गर्दै नेपालको नाम दक्षिण एसियाली खेलकुदमा उच्च बनाउनको योगदान गरेका बापत उनीहरु पुरस्कारका हकदार पनि छन् ।

सरकारले पुरस्कारको रकम त घोषणा गरिसकेको छ । तर प्रतियोगिता सकिएको ५० दिन पुगिसक्दा पनि पुरस्कारबापतको रकम भने पाउन सकेका छैनन् । सरकारले प्रतियोगिता सकिएको पर्सिपल्टै पदक विजेता खेलाडीलाई प्रधानमन्त्रीको सरकारी निवास वालुवाटारमा बोलाएर प्रधानमन्त्री केपी शर्मा ओलीले विशेष प्याकेजको घोषणा पनि गरेका थिए ।

जसमा व्यक्तिगत तर्फ स्वर्ण पदक जित्नेलाई ९ लाख, रजत पदक जित्नेलाई ६ लाख र कास्य पदक जित्नेलाई ३ लाख दिने घोषणा गरिएको छ। उक्त घोषणा हुँदा टिम इभेन्टका खेलाडीहरुलाई ५ लाख दिने भनिएकोमा यसमा कार्यविधि परिमार्जन गर्दै वर्गिकरण गरिएको छ। खेलाडीले पुरस्कार पाउनु पर्छ। यसमा कुनै दुई मत छैन् । तर अहिलेसम्म खेलाडीहरुले पुरस्कार नपाउनु आफैमा खेलाडीहरु क्रमश निराश हुने अवस्था आउने देखिन्छ । यसले आगामी नेपालले खेल्ने प्रतियोगितामा पनि असर गर्ला भन्ने आम खेलकुद क्षेत्र बुझेका व्यक्तिहरुको भनाई छ । खेलाडीहरुलाई सरकारले घोषणा गरेको पुरस्कार वापतको लाखको रकम नपाए पनि केही संघ संस्थाहरुले हजारमा सहयोग भने गरिरहेका छन् । एक जना खेलाडी तयार हुनका लागि उसले धेरै मेहेनत गरेको हुन्छ । त्यसैगरी आर्थिक लगानि पनि थुप्रै गरेको हुन्छ । सागमा खेलेका केही खेलाडीहरु खेल्नका लागि आवश्यक पर्ने कुराहरुको जोहो गर्नका लागि पनि अरुको भर पर्नुपर्ने अवस्थामा छन् । हुन त खेलाडीहरुलाई केही हदसम्म नेपालका तीन वटा विभागीय क्लब त्रिभुवन आर्मी, नेपाल पुलिस र सशस्त्र प्रहरी (एपीएफ)ले मासिक तलव सुविधा दिएरै राखेका छन् । यसले उनीहरुको दैनिकी त सहज भएको छ तर उनीहरु म खेलाडी भनेर समाजमा छाती फुलाएर हिँड्ने वातावरण वनेको छैन् । किनकी खेलाडी त्यो पनि देशका लागि पदक जित्ने भनेपछि उनीहरु रातारात स्टार भएका छन् । त्यो स्टारडम मेन्टेन गर्नका लागि पनि गाह्रो छ। सिमित स्रोत र साधनका बाबजुत पनि उनीहरुले आफूलाई मेन्टेन गर्नु अर्को चुनौती रहेको छ।

१३ औं सागमा म्याराथन तर्फ नेपालले २४ वर्ष पछि पदक जित्यो। १९९५ को सागमा टीक बोगटीले म्याराथनमा नेपालाई स्वर्ण पदक दिलाएका थिए। त्यसयता २०१९ को १३ औं सागमा किरनसिंह बोगटीले नेपाललाई ऐतिहासिक स्वर्ण पदक त्यो पनि फुल म्याराथनमा दिलाए। कैलालीका किरन सिंह पनि यस्ता खेलाडीमा पर्छन् जसले दुःख गरेर आफूलाई यो खेल क्षेत्रमा उभ्याएका छन् । घर परिवार पाल्ने जिम्मेवारी लिएका किरनले सवैकुरा म्यानेज गरेर एपीएफमा भर्ना भए । एपीएफबाट परिवार पाल्नका लागि भरथेग गर्ने भएकाले उनी खेलकुदमा लागे। विभागभित्र पहिला उसु खेल्न आएका उनी करातेकै अभ्यासका लागि दौड पनि शुरु गरे । तर उसुमा त सफल भएनन् उनी दौडमा भने आफूलाई अब्बल सावित गर्न सफल भए ।

नेपालगञ्जमा एपीएफमा भर्ति भएका किरनको पछि सरुवा पोखरामा भएको थियो। विभागले आयोजना गरेको आन्तिरिक प्रतियोगितबाट जित्दै राष्ट्रिय खेलाडीको रुपमा छनोट गराएका हुन् । गत बैशाखमा आठौं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गत एथ्लेटिक्समा चौथो भए पछि उनलाई पनि १३ औं सागको बन्द प्रशिक्षणका लागि बोलाइयो । बन्द प्रशिक्षणमा उनी वैकल्पिक खेलाडीको रुपमा आएका थिए । पटक पटक प्रयास गर्दा उनी छनोटमा दोस्रो भए । उनी भन्दा अगाडि कृष्ण बस्नेत रहेकाले बस्नेतले नै साग खेल्ने तय जस्तै थियो । रत तिहार अघि चीनमा भएको उहान खेलकुदमा कुदेका कृष्ण बस्नेत घरायसी कारणले सागमा सहभागिता जनाउन नपाउने भए पछि किरण सिंहको भाग्य खुल्यो ।

उनी नै नेपालको प्रतिनिधित्व गर्दै १३ औं सागको एथ्लेटिक्स ट्र्याकमा उत्रिए । ट्र्याकमा मात्रै उत्रिएनन् नेपाललाई ऐतिहासिक स्वर्ण पदक नै दिलाए। शुरु शुरुमा साथीहरुले आफूलाई 'ए गोल्ड मेडलिस्ट' भन्दै हेप्ने गरेको र सोही हेपाईका कारण पनि आफूले 'इख' लिएकाले म्याराथनमा स्वर्ण पदक जित्ने बताए । अझै पनि एक जना खेलाडीका लागि पर्याप्त सुविधा नभइरहेका बेला विभागको जागिरले घर परिवार चलाउन र आफूलाई डाइट खान बल्ल तल्ल पुगेको सुनाए ।

धावकका लागि दौड्न राम्रो जुत्ता आवश्यक पर्ने बुझेका किरणले जुत्ता किन्नकै लागि प्रहरी कल्याणकारी कोषबाट २ लाख ऋृण समेत निकाले । त्यो ऋृण अहिले पनि मासिक रुपमा तिरिरहेका छन् । उनले भने अब सरकारले दिने पैसाले पहिलो जुत्ता किन्नकै लागि लिएको ऋृण तिर्छु ।

किरन सिंह वोगटी त एक जना प्रतिनिधि पात्र मात्रै हुन्। उनी जस्ता नेपाली खेलकुदमा लागेका धेरैका पीडाहरु समान छन् । तीन पीडा हल गर्नका लागि सरकारले समयमै ध्यान दिन पनि जरुरी छ। नेपाली खेलकुदको सर्वोच्च निकाय राष्ट्रिय खेलकुद परिषद् राखेपका सदस्य सचिव रमेशकुमार सिलवाल पनि चाँडै खेलाडीको पुरस्कार रकम निकासा हुनुपर्नेमा जोड दिन्छन् । उनको भनाई छ 'जति सक्यो चाँडो खेलाडीलाई पैसा दिन सकियो भने त्यसको मज्जा बेग्लै हुन्छ ।' ●

# क्रिकेटको विकासमा ध्यान दिऊँ



**राजेन्द्र प्रजापती**



नेपाली क्रिकेटले गति लिँदै छ। साढे ४ वर्ष आईसीसीको प्रतिबन्धमा परेपछि हालै फुकुवा भएको नेपाल क्रिकेट संघ क्यानले पनि आफ्नो काम शुरु गरिसकेको छ। गत असोजमा निर्वाचन भएपछि फङसनमा आएको क्यानले यस बीचमा १३ औं दक्षिण एसियाली खेलकुद साग प्रतियोगितामा क्रिकेट खेलको भव्य आयोजना गर्न सफल भयो । हुन त प्रतिबन्धमा भए पनि यो प्रतियोगिता आयोजना हुने नै थियो । यसबीचमा क्यान आएसँगै क्रिकेटका सम्भावनाहरु पनि खुल्दै गएका छन् । नेपालले लामो समय पछि पहिलो पटक आईसीसीको टुर्नामेन्ट त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा आयोजना गर्दै छ । नेपाल, ओमान र अमेरिका सम्मिलित आईसीसी विश्वकप लिग २ को यो प्रतियोगिता नेपाली क्रिकेटलाई कीर्तिपुरमा फर्काउने ठूलो माध्यम नै हो । यसले आम नेपाली क्रिकेट समर्थकलाई फेरि एक पटक खुशी नै तुल्याएको छ।

माघ २२ गतेदेखि आयोजना हुने प्रतियोगिताका लागि नेपालले तयारीका लागि कुनै कसर बाँकी नराख्ने घोषणा गरिसकेको छ भने प्रतियोगिता भव्य र सभ्य बनाउनका लागि पनि काम गरिरहेको छ । प्रतियोगिताका लागि नेपाली टिम पनि घोषणा भइसकेको छ । अहिले नेपाली टिमको कप्तानीमा ज्ञानेन्द्रमल्ल देखि युवा खेलाडी कमलसिंह बोहोरा पनि अटाएका छन् । तर घरायसी कारणले बसन्त रेग्मी उपस्थित हुन सकेनन् भने विरामी परेपछि सोमपाल कामी पनि नहुँदा अलि नेपाली टिम कमजोर हुने त होइन प्रश्न गर्ने सुविधा हामीसँग छ । साथै नेपाली टिमले भोग्दै आएको समस्या भनेका ओपनिङ अर्डरमा पनि हो । यस पटकको १४ सदस्यीय टिम बनाएपछि आम समर्थकले कस्ले ओपनिङ गर्ला भनेर सामाजिक सञ्जालमा खुबै चर्चा गरे । नेपाली टिममा ओपनरको आवश्यकता ठूलो कुरा होइन । कुरो हो त कसरी अन्तिमसम्म खेलाडी टिकेर खेल्छन् भन्ने नै हो । नेपाली टिमको ओपनिङ कप्तान ज्ञानेन्द्र मल्ल र पूर्व कप्तान पारस खड्काले गर्ने पक्का जस्तै छ। साथै अरु ब्याट्सम्यानहरु पनि ओपनिङ गर्न पाउँदा पक्कै पनि खुशी नै हुने छन् ।

नेपाली क्रिकेटले २०१८ मा चार वर्षका लागि एक दिवसीय मान्यता पाएको हो। यो एकदिवसीय वरियतामा टिकीरहनका लागि नेपाली टिमले अब हुने सिरिज जित्दै अघि बढ्नुको विकल्प छैन । यस्ता सिरिजहरु अझै नेपालले खेल्न थुप्रै छन् । जति सहज घरेलु मैदानमा हुन्छ त्यति सहज बाहिरी मैदानमा नहुन सक्छ। त्यसैले हरेक खेलाडीले एउटा एउटा म्याचलाई अन्तिम म्याचको रुपमा हेरेर खेल्नु पर्ने आवश्यकता छ । यसअघि नेपाली क्रिकेटको नियमन गर्ने निकाय भनेको आईसीसी नै थियो । नेपाल क्रिकेट संघ क्यान निलम्बनमा हुँदा आईसीसीले आफ्नै संलग्नतामा नेपाली क्रिकेटको श्रीबृद्धिको काममा सघायो। यस बीचमा नेपालले एक दिवसीय मान्यता पाएको थियो ।


नेपाली क्रिकेटको कुरा गर्दा यहाँ रहेको क्यान भन्दा पनि खेलाडीकै बलवुताले एक दिवसीय मान्यता पाएको हो भन्दा अन्यथा लिनु हुँदैन । यसको श्रेय खासगरि पूर्व कप्तान पारसलाई नै जान्छ । उनको अनुशासन र नेतृत्वदायी भूमिकाका कारण पनि नेपाली क्रिकेटले यति ठूलो उपलब्धि हासिल गरेको छ । तर खड्का अहिले कप्तानको भूमिकामा छैनन्। उनी कप्तान नभए पनि उनको भूमिका मैदानमा अझैं आवश्यक छ । उनको विगतको अनुभव अब ज्ञानेन्द्रलाई सघाउँदै नेपाली टिमलाई अझै सफलता तर्फ उन्मुख गराउने जिम्मेवारी उनले पनि लिनु पर्छ ।

क्यान निलम्बनमा हुँदा नेपाली क्रिकेटको घरेलु संरचना भने भत्किएकै हो । यसबीचमा सिमित एक दिवसीय क्रिकेट प्रतियोगिता आयोजना हुन नै सकेनन् भन्दा पनि हुन्छ । एउटा प्रधानमन्त्री कप भनेर राखेपले आयोजना गरेको प्रतियोगिता खेलेकै भरमा नेपालले अब ठूलो उपलब्धि हासिल गर्न पक्कै पनि अप्ठेरो परेको थियो । अब अहिले क्यानलेले नयाँ योजनाका साथ अघि बढ्‍ गर्दा एक दिवसीय देखि तीन दिवसीय सम्मका प्रतियोगिताहरु आयोजना गर्ने लक्ष्य लिएको छ। त्यसका लागि क्यानले योजना बनाइरहेको छ ।

विगतमा तीन वटा फ्रेन्चाईज लिगले धानेको क्रिकेटमा अब क्यानको उपस्थितिले पक्कै पनि नयाँ उर्जा थप्ने विश्वास गर्न सकिन्छ । अब क्यानले साँच्चै नेपाली क्रिकेटको भविष्यका बारेमा सोँचेर राम्रो काम गर्ने हो भने खेलाडीहरुको वर्गिकरण गरेर उनीहरुको सेवा सुविधामा ध्यान दिनु पर्ने छ भने खेलाडीहरुलाई अझ धेरै एक्सपोजरको आवश्यकता भएकाले धेरै भन्दा धेरै घरेलु प्रतियोगिता तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा पनि ध्यान दिनु पर्छ । ●







# खाँचो जीवन्त अभिनयको



निकेश अधिकारी

> जीवन्त अभिनय गर्न सक्ने अभिनेत्रीमा सुरक्षा पन्तको निकै चर्चा हुने गरेको छ । चलचित्र "अझै पनि"मार्फत डेब्यु गरेकी अभिनेत्री पन्त एक सफल अभिनेत्रीको रुपमा परिचित भइसकेकी छिन् । त्यस्तै अर्की अभिनेत्री वर्षा राउत पनि जीवन्त अभिनय पस्किन माहिर मानिन्छिन् ।

नेपाली चलचित्र क्षेत्रको बजार फस्टाउँदै गइरहेको छ । आधा शताब्दी भन्दा लामो इतिहास बनाइसकेको नेपाली चलचित्र उद्योग अपेक्षित रुपमा विस्तार हुन नसकेपनि विस्तारै विकासोन्मुख लयमा हिँडिरहेको छ । हरेक वर्ष चलचित्र निर्माण संख्या बढ्दै गएको छ । चलचित्रसँगै कलाकार हरुको पनि संख्यामा उल्लेख्य वृद्धि भएको छ । हरेक वर्ष सयौंको संख्यामा कलाकारहरु भित्रिन्छन् । ती मध्ये केही कलाकारहरु मात्र सफलतातर्फ लम्किन्छन् । कारण हो, जीवन्त अभिनय ।

नेपाली चलचित्र क्षेत्रमा हजारौं कलाकार भेटिन्छन् । तर, जीवन्त अभिनय गर्न सक्ने कलाकारको संख्या भने न्यून छ । कलाकार हुन के चाहिन्छ ? सामान्य मानिसको उत्तर आउँछ- 'अभिनय गर्न जान्ने ।' सो उत्तरमा आएको शब्द 'अभिनय'ले कलाकार बन्न चाहिने गुणको व्याख्या त गर्छ तर सफल कलाकार बन्न भने अभिनय भित्र लुकेको जीवन्तलाई बाहिर निकाल्न सक्नुपर्छ ।

जब कलाकारले चलचित्रमा निभाएको चरित्रमा डुबेर अभिनय गर्न सक्छ तब मात्र उ सफल हुन सक्छ । रुपरङ्गका कारण चर्चित बनेका कलाकार छोटो समयका लागि मात्र लोकप्रिय बन्छन् तर चरित्र (क्यारेक्टर)ले चर्चित बनेका कलाकारको लोकप्रियता कहिल्यै घट्दैन बरु दिन प्रतिदिन बढ्दै जान्छ ।

अभिनय भित्र लुकेको जीवन्तलाई बाहिर निकाल्न सक्ने नेपाली कलाकारको संख्या औंलामा गन्न सकिने छ, जो पक्कै सफल पनि छन् । दर्शकहरुलाई हलसम्म डोहोर्‍याउने कारक नै कलाकारको जीवन्त अभिनय हो । रुपरङ्गले चर्चित कलाकारको चलचित्रले शुरुवातमा दर्शक तान्छन् तर पछि दर्शकको उपस्थिति घट्दै जान्छ ।

जीवन्त अभिनयले कलाकारको जीवन त सफल भइहाल्छ नै सँगसँगै चलचित्र क्षेत्रको विकासमा पनि महत्वपूर्ण भूमिका निर्वाह गर्छ । नेपाली चलचित्र क्षेत्र अपेक्षित रुपमा विस्तार हुन नसकेका कारण नेपालमा नेपाली चलचित्रले भन्दा विदेशी चलचित्रले कमाई राम्रो गरिरहेका छन् । यदि नेपाली चलचित्र क्षेत्रमा पनि अभिनयमा अब्बल कलाकारहरुको वृद्धि हुने हो भने विदेशी चलचित्रले नेपालमा राज गर्न पाउँदैन थिए ।

कुरा गरौं जीवन्त अभिनयले नेपाली चलचित्र क्षेत्रमा जमेका कलाकारहरुको, जसले आफ्नो करियरलाई पछाडि फर्किएर हेर्नु परेको छैन । पछिल्लो समय क्यारेक्टरमा डुबेर अब्बल अभिनय गर्न सफल मानिएका अभिनेता हुन् विपिन कार्की । उनको अभिनयलाई मन नपराउने दर्शक सायदै होलान् । त्यसैले त उनलाई सबैले भर्साटायल अभिनेता भन्ने गर्छन् । जस्तो क्यारेक्टरमा पनि डुबेर उम्दा अभिनय गर्न सक्ने विपिनको चलचित्र कुर्ने दर्शकको भीड निकै ठूलो छ । विपिन आगामी चलचित्रमा कस्तो अवतारमा प्रस्तुत हुने हुन् भन्ने दर्शकमा कौतुहलता सधैं भइरहन्छ । विपिनको पहिलो चलचित्र 'आचार्य' हो । तर सो फिल्ममा उनले खासै अभिनय गर्न भने पाएनन् । तर त्यसपछाडि आएका फिल्ममा उनले आफ्नो अभिनयको जादू भरपूर रुपमा दर्शकलाई देखाए । चलचित्र तान्डव, सुन्तली, लुट, कालो पोथी, छड्के, पशुपति प्रसाद, लुट २, जात्रा, नाका, प्रसाद, जात्रै जात्र मार्फत उनले आफ्नै जीवन्त अभिनयलाई दर्शकमाझ ल्याइसकेका छन् ।

त्यस्तै चलचित्र 'कबड्डी' बाट 'हैट' थेगोका कारण चर्चित बनेका अभिनेता बुद्धि तामाङ पनि जीवन्त अभिनय गर्न सक्ने अभिनेतामा पर्छन् । उनलाई बुद्धि तामाङ भन्दा बढी 'हैट' भनेर चिन्ने दर्शक धेरै छन् । जीवन्त अभिनय दर्शकमाझ पस्केकै कारण उनले आफ्नो करियरलाई पछाडि फर्किएर हेर्नुपरेको छैन ।

जीवन्त अभिनय गर्न सक्ने अभिनेत्रीमा सुरक्षा पन्तको निकै चर्चा हुने गरेको छ । चलचित्र 'अझै पनि'मार्फत डेब्यु गरेकी अभिनेत्री पन्त एक सफल अभिनेत्रीको रुपमा परिचित भइसकेकी छिन् । त्यस्तै अर्की अभिनेत्री वर्षा राउत पनि जीवन्त अभिनय पस्किन माहिर मानिन्छिन् । चलचित्र 'नाई नभन्नु ल ४'बाट नेपाली चलचित्र क्षेत्रमा डेब्यु गरेकी अभिनेत्री वर्षाले अब्बल अभिनय गरेका कारण नै अहिले सबैमाझ लोकप्रिय छिन् ।



हाल वर्षा विवाह पश्चात कुनै चलचित्रमा देखिएकी छैनन् तर पनि दर्शकले उनको अभिनयलाई बिर्सेका छैनन् ।

यस्तै अभिनेता रविन्द्र झा पनि जीवन्त अभिनय गर्न सक्ने कलाकारमा पर्छन् । प्राय: कमेडी जनराको चलचित्रमा अभिनय गर्ने अभिनेता झा दर्शकमाझ निकै लोकप्रिय छन् । चलचित्र कोहलपुर एक्सप्रेस, २ रुपैयाँ, जात्रा र जात्रै जात्रा मार्फत अभिनेता झाले दर्शकमाझ आफ्नो अब्बल अभिनयको जादु देखाइसकेका छन् ।

चलचित्रमा अनुहार राम्रो भएका मात्र अभिनेता हुने प्रचलनलाई अभिनेता दयाहाङ राई र सौगात मल्लको जीवन्त अभिनयले पछारेर नेपाली चलचित्र क्षेत्रमा नयाँ युगको सुरुवात गरेको थियो । यी दुईको अभिनय रहेको चलचित्र 'लुट'ले चलचित्र क्षेत्रमा कायापलट नै गरेको थियो । चम्किला अनुहार नभएपनि अभिनेताद्वय दयाहाङ र सौगातलाई उनीहरुको जीवन्त अभिनयले दर्शकमाझ राज गर्न दियो । जस्तो क्यारेक्टरमा पनि अब्बल अभिनय गर्न सक्ने दयाहाङ र सौगातका चलचित्रलाई दर्शकले कुरेर बसेका हुन्छन् । चलचित्र हिट होस् वा फ्ल्प तर अभिनेताद्वय दयाहाङ र सौगातको अभिनय सधैं हिट नै हुन्छन् र दर्शकको खुलेरै तारिफ पाउँछन् ।

नेपाली चलचित्र क्षेत्रका अभिनेता तथा निर्देशक अर्पण थापा पनि एउटा यस्तो नाम हो जसले सधैं दर्शकको तारिफ नै पाएको छ । जस्तो क्यारेक्टरमा पनि जीवन्त अभिनय पस्किने अभिनेता थापा आफ्नो अब्बल अभिनयकै कारण दर्शकमाझ स्थापित भइसकेका छन् । उनको चलचित्र रिलिजलाई कुर्ने दर्शकको भीड पनि कम छैनन् ।

त्यस्तै चलचित्र क्षेत्रमा एक चिरपरिचित नाम हो निश्चल बस्नेत । अभिनेता तथा निर्देशक निश्चलले अभिनयमा होस् या निर्देशनमा आफ्नो जादुले दर्शकलाई मोहित बनाइसकेका छन् । बहुप्रतिभाका धनि उनी गायनमा पनि आफ्नो प्रतिभा देखाइसकेका छन् । जीवन्त अभिनय तथा जीवन्त निर्देशनका कारण नै उनी दर्शकमाझ निकै लोकप्रिय छन् ।

आरोहण गुरुकुलबाट अभिनय सिकेर आएका अधिकांश कलाकारहरु आफ्नो करियरमा सफल बनेका छन् । नेपाली चलचित्र क्षेत्रमा गुरुकुलबाट अभिनय सिकेर आएका कलाकार अन्य कलाकार भन्दा अब्बल अभिनय गर्न सक्ने क्षमता भएको देखिन्छ । अभिनेता विपिन, सौगात, दयाहाङ, बुद्धि, रविन्द्र, निश्चल पनि आरोहण गुरुकुलबाट नै उदाएका कलाकार हुन् ।

पछिल्लो समय रुपरङ्गका कारण चर्चित बनेका कलाकारहरुले पनि बजारमा राम्रो दर्शकको साथ पाइरहेको छ । अनमोल केसी, प्रदीप खड्का, सुशिल श्रेष्ठलगायतका अभिनेताहरुलाई पनि दर्शकले रुचाएका छन् । तर, उनीहरुले सुरुवातमा कमाएका दर्शकको संख्या जीवन्त अभिनय गर्न नसक्दा दिनप्रति दिन घट्दै गएको छ ।

त्यसैले नेपाली चलचित्र क्षेत्रको विकास तथा विस्तारका लागि चलचित्रको कथा सँगसँगै कलाकारहरुको अभिनय पनि जीवन्त हुन जरुरी छ । चलचित्रको कथा उम्दा छ भने पनि यदि उक्त चलचित्रमा अभिनय गर्ने कलाकारको अभिनय जीवन्त छैन भने चलचित्र कहिल्यै माथि उठ्न सक्दैन । कलाकारले जीवन्त अभिनय गर्न सकेमा आफ्नो करियर त सफल पर्छ नै त्यसबाहेक नेपाली चलचित्र क्षेत्रलाई नै सफल्ता उन्मुख बनाउन सहयोग गर्छ । सोही कारण चलचित्र क्षेत्रलाई कुन स्थितिमा लग्ने हो, त्यो कलाकारको जीवन्त अभिनयले निधो गर्छ । ●












# सिक्वेलको मोह



रामबहादुर सुवेदी (आर.के.)




अहिले निर्माताहरू नयाँ नाममा चलचित्र बनाउनु भन्दा सिक्वेल बनाएर व्यापारिक रूपमा ढुक्क हुन रूचाउँछन् । कारण हो, पहिलो चलचित्रको दोस्रो भाग हेर्न दर्शकलाई अवस्य नै कौतुहलता हुन्छ र दर्शक चलचित्र हेर्न हलसम्म जान इच्छुक हुन्छन् ।

पछिल्लो समय नेपाली चलचित्र क्षेत्रमा सिक्वेलको लहर चलेको छ । विश्वकै ठूलो चलचित्र बजार मानिएका हलिउड र बलिउडमा सिक्वेल निकाल्ने चलन धेरै पहिला देखि भएपनि नेपाली चलचित्र क्षेत्रमा खासै चलन थिएन । तर, अहिले नेपाली चलचित्र क्षेत्रमा पनि सिक्वेलको चलन व्यापक रुपमा वृद्धि हुँदै गएको छ ।

पहिलो चलचित्रको कथा जुन विन्दुमा सकिएको छ, त्यही विन्दुबाट कथा उठान गरिएको चलचित्रलाई नै सिक्वेल भनिन्छ । अहिले निर्माताहरु नयाँ नाममा चलचित्र बनाउनु भन्दा सिक्वेल बनाएर व्यापारिक रुपमा ढुक्क हुन रुचाउँछन् । कारण हो, पहिलो चलचित्रको दोस्रो भाग हेर्न दर्शकलाई अवस्य नै कौतुहलता हुन्छ र दर्शक चलचित्र हेर्न हलसम्म जान इच्छुक हुन्छन् ।

नेपालमा सिक्वेल बनाउने ट्रेण्ड शुरु भएको केही समय त प्रायः कुनै पनि चलचित्रका सिक्वेल सफल भएनन् । तर, पछिल्लो समय आएका सिक्वेलले भने नेपाली चलचित्र क्षेत्रको साख जोगाउन महत्वपूर्ण भूमिका खेलेको छ । अहिले नेपाली चलचित्र क्षेत्रमा नयाँ नाममा निर्माण भएका चलचित्रले भन्दा बढी सिक्वेलले दर्शकको साथ धेरै पाइरहेका छन् । हुन त निर्माताहरुले पनि जुन चलचित्र हिट भयो प्राय त्यसैको सिक्वेल निर्माणमा बढी ध्यान दिने गरेका छन् ।

तर, सबै सिक्वेलले महत्वपूर्ण भूमिका निर्वाह गरेको भन्न चाहीँ मिल्दैन । नेपाली चलचित्र क्षेत्रमा यस्ता पनि सिक्वेल निर्माण भएका छन्, जुन न पहिलो भागसँग कथा मिल्छ न त कथा नै बलियो हुन्छ । सिक्वेलको मुख्य अर्थ नै पहिलो भागको चलचित्रको समापनबाट कथा उठान गर्ने हो । तर, सिक्वेल निर्माण गर्दा कथा नै नयाँ विषयमा उठान गरेर चलचित्र निर्माण गर्दा सिक्वेलको नै भाव मर्छ ।

एक वर्षको तथ्यांक हेर्ने हो भने नेपालमा १०० भन्दा बढी चलचित्र निर्माण हुने गरेका छन् । तर, बक्सअफिसमा मुस्किलले १० देखि १५ वटा चलचित्र मात्र सफल सावित हुन्छन् । ती १० देखि १५ वटा चलचित्रमा पनि नयाँ नामका चलचित्रको संख्या कम हुन्छ भने सिक्वेलको संख्या धेरै । यसैबाट पनि प्रष्ट हुन्छ, नेपाली चलचित्र क्षेत्रको साख जोगाउन सिक्वेलको महत्वपूर्ण भूमिका रहेको छ ।

नेपालमा अहिलेसम्म बढी सिक्वेल निर्माण भएको चलचित्र हो, 'नाइ नभन्नु ल' । हालसम्म यस चलचित्रको ५ वटा सिक्वेल निर्माण भइसकेका छन् भने अब 'नाइ नभन्नु ल ६' रिलिज हुने तरखरमा छ । निर्माता तथा निर्देशक विकास आचार्यले निर्माण गरेको यो चलचित्रलाई दर्शकले पनि निकै रुचाएका छन् । हरेक सिक्वेलले दर्शकको साथ पाएको छ । एकपछि अर्को सिक्वेल चल्दै गएपछि निर्देशक आचार्यले पनि सिक्वेल थप्दै गएका छन् । सम्भवत 'नाइ नभन्नु ल ६' हिट भए पक्कै निर्देशक आचार्य 'नाइ नभन्नु ल ७' बनाउन तम्सिनेछन् ।

सबै सिक्वेल हिट भएको अर्को चलचित्र हो, 'कबड्डी' । यो चलचित्रको पनि ३ वटा सिक्वेल छन् । रामबाबु गुरुङ निर्देशित चलचित्र 'कबड्डी'देखि 'कबड्डी कबड्डी कबड्डी' सबै सिक्वेललाई दर्शकले निकै रुचाएका छन् । यस चलचित्रको पनि अब चौथो सिक्वेल निर्माण हुँदै छ । चलचित्र 'कबड्डी'को हरेक सिक्वेल दर्शकको प्रतिक्षारत चलचित्रमा पर्छ । त्यसैले पनि यस चलचित्रको सबै सिक्वेल बक्सअफिसमा उत्कृष्ट बन्न सफल भएको छ ।

त्यस्तै चलचित्र 'जात्रा'को पनि सिक्वेल बन्यो र दर्शकले पनि अत्याधिक रुचाए । निर्देशक प्रदीप भट्टराईले निर्देशन गरेको 'जात्रा'ले बक्सअफिसमा तहल्का मचाएको थियो र सिक्वेल 'जात्रै जात्रा'ले पनि दर्शकको मन जित्नुका साथै बक्सअफिसमा सफल सावित भयो । तर यो चलचित्रको सिक्वेल अब भने नआउने निर्देशक भट्टराई बताउँछन् । 'जात्रै जात्रा'मा नै उनले कथा टुंग्याइसकेका छन् ।

दीपक राज गिरी र दीपाश्री निरौलाले निर्माण गरेको चलचित्र 'छ माया छपक्कै'ले बक्सअफिसमा रेकर्ड नै राख्यो । त्यसपछि उनीहरु सिक्वेल बनाउन जुटे र बनाए 'छ माया छपक्कै २' र 'छ माया छपक्कै ३' । यी दुवै चलचित्रले बक्सअफिसमा रहेको आफ्नै रेकर्ड आँफैले तोडे । दर्शकले यी चलचित्र यति रुचाएकी 'छ माया छपक्कै' नाम एउटा ब्राण्ड नै बने जस्तो भयो ।

दर्शकले रुचाएको अर्को चलचित्र हो 'ए मेरो हजुर' । यो चलचित्रको पनि सिक्वेल धमाधम निस्किएका छन् । 'ए मेरो हजुर ३' सम्म सिक्वेल आइसकेको यस चलचित्रले पनि दर्शकको राम्रो साथ पायो । चलचित्रका सबै सिक्वेललाई दर्शकले तारिफ नै गरे । स्व. अभिनेता श्रीकृष्ण श्रेष्ठको मुख्य अभिनय रहेको चलचित्र 'ए मेरो हजुर'को नामबाट अभिनेत्री तथा निर्देशक झरना थापाले सिक्वेल निर्माण गरेकी हुन् । पुरानो चलचित्रको नाम लिएर बनाएको यो चलचित्रले बक्सअफिसमा राम्रो कमाई गर्न सफल भयो ।

नेपाली चलचित्र क्षेत्रमा हंगामा मचाएको चलचित्र 'लुट'को पनि सिक्वेल बन्यो । निर्देशक निश्चल बस्नेतले बनाएको 'लुट २'लाई दर्शकले पनि रुचाए । तर, 'लुट २' भन्दा 'लुट' नै राम्रो भन्ने दर्शक पनि कम थिएनन् । यद्यपि 'लुट २'ले राम्रो व्यापार गर्न भने सफल भयो ।

दर्शकले अत्याधिक मनपराइसकेको चलचित्रको सिक्वेल बनाउँदा निर्माता तथा निर्देशकले धेरै कुरामा ध्यान दिनुपर्ने हुन्छ । तर, यसलाई कम आंकलन गर्दा र दर्शकको ध्यान मात्र तान्न खोज्दा उनीहरु असफल पनि हुने गरेका छन् । नेपाली चलचित्र क्षेत्रमा त्यस्ता सिक्वेल पनि बनेका छन्, जसलाई न समीक्षकले रुचाए न त दर्शकले नै । जसका कारण चलचित्रमा गरेको लगानी समेत उठाउन उनीहरुलाई धौ धौ पर्‍यो ।

चलचित्र 'बाटो मुनिको फूल'लाई दर्शकले अत्याधिक मन पराए । चलचित्र हिट भएपछि यसको सिक्वेल 'बाटो मुनिको फूल २' निर्माण भयो । 'बाटो मुनिको फूल २'ले 'बाटो मुनिको फूल'को रेकर्ड तोड्ने अपेक्षा धेरैको थियो । तर, रेखा थापा, बाबु बोगटी, यश कुमार अभिनित चलचित्र 'बाटो मुनिको फूल'को जती चर्चा पनि यसले पाउने सकेन । कथावस्तु र व्यापारिक रुपमा 'बाटो मुनिको फूल २' भन्दा 'बाटो मुनिको फूल' धेरै अगाडि देखियो ।

त्यस्तै चलचित्र 'होस्टेल'को सिक्वेलको रुपमा बनेको 'होस्टेल रिटर्न्स'ले कमाई पनि कम गर्‍यो भने समीक्षकबाट पनि खासै तारिफ बटुल्न सकेन । 'होस्टेल' निर्माणको हिसाबले पनि धेरै अघि देखिएको थियो । 'होस्टेल' हिट भएपछि 'होस्टेल रिटर्न्स' निर्माण हुँदा दर्शकको अपेक्षा निकै बढी थियो । तर कथावस्तुमा कमजोर भएपछि चलचित्र बक्सअफिसमा सफल सावित हुन सकेन ।


चलचित्र 'पापी मान्छे' र 'हिम्मत'को सिक्वेललाई हेर्ने हो भने, ती चलचित्र व्यापारिक रुपमा मात्र कमजोर बनेनन्, कथा वाचनका हिसाबले पनि असफल देखिए । कथावस्तुलाई ध्यान नदिँदा चलचित्र त कमजोर नै हुन्छ सँगसँगै दर्शकको सिक्वेलप्रतिको आशा पनि मर्दै जान्छ ।

त्यसैले चलचित्रको सिक्वेल बनाउँदा निर्माता तथा निर्देशकले अघिल्लो चलचित्रको भाव मार्नु हुँदैन । जुन लयबद्धमा पहिलो चलचित्र निर्माण गरिएको थियो त्यो कायम गर्न सके सिक्वेल हेर्न जाने दर्शकको चलचित्रप्रतिको आशा मर्दैन । तर, निर्माता र निर्देशकले व्यापारिक रुपमा ढुक्क हुन सिक्वेललाई प्राथमिकता दिइरहनु पनि उचित हुँदैन । नयाँ नामका चलचित्र निर्माणमा पनि निर्माताहरुले ध्यान दिने हो भने पक्कै पनि नेपाली चलचित्र क्षेत्र पनि विकास हुने थियो । निर्माताहरुले आफ्नो लगानी र फाईदा सुरक्षित गर्न खोज्दा नेपाली चलचित्र क्षेत्रमा नयाँ स्वादको चलचित्र निर्माणमा कमि आइसकेको अवस्था छ । सोही कारण निर्माताहरुले सिक्वेलसँगसँगै नायँ स्वादका चलचित्र निर्माणमा पनि चासो देखाउन जरुरी देखिन्छ । ●











# मोडर्न मैयाँ



**विष्णुलाल श्रेष्ठ**

लेडालेडीको यो आधुनिक जमाना बडो गजबको छ । नाङ्गै भुतुङ्गै हिंड्न नपाए लेडिहरूले बाउआमालाई ध्वाँस छोड्ने र पंक्स् बनेर घुम्न नपाए लेडाहरूले घरमै दादागीरी गर्ने चलन आयो ।



**| व्यङ्ग्य |**

आधुनिकताले हो कि के हो जुग जमाना नै बदलीसक्यो । आफूले भनेजस्तो गर्न पाइएन भने ध्वाँस-धम्की लगाइहाल्ने । दुधे बालकदेखि दाँत फुक्लेका थोते बूढाहरूसम्मले घुर्कीमुर्की सुनाउने । जमाना जति-जति मोडर्न हुँदो छ उति-उति घुर्की र मुर्की हलक्क हुर्किन थालेको छ । घरका लेडा हुन् वा लेडी, तिनले बाउआमाको दोहोलो काढ्छन् । हिजोआज लेडाभन्दा लेडी हुर्काउन गाऱ्हो भैसक्यो । भनेजस्तो भएन कि त लेडीहरू भेंडीभन्दा एकोहोरो भइदिन्छन् । जे भन्यो त्यही गर्नुपर्ने । दश वर्ष पुग्न पाएको छैन वैंस चढिहाल्ने, विकासे मूलाजस्ता । ठिटाहरूसँग नारिएर हिँड्नुपर्ने । मोडर्न बनिहाल्नुपर्ने । यो कस्तो जमाना आयो खै !

भात खाने बेलामा आमाले दूध दिइनन् भनेर पाँचमानेको छोरो दशमानेले भातै खाएन । जैले पनि पिठोको पूवा मात्र पकाउँछ, खुवा कहिल्यै खान पाइएन भनेर पकुल्लीकी छोरी भकुल्लीले कोठाभित्र चुकुल लाएर लगातार चार दिन बिताइन् । स्कुल जाँदा टिफीनका लागि रमपम, आहा, मामा, जोजो, वाइवाइ, टुपिएम, थ्रीपिएम, लस्सी, फान्टा आदिलाई पुग्दो पैसा दिइनन् भनेर मखमलीका दुवै छोराहरु स्कुलै गएनन् । 'सारी लाउँदा भारी हुन्छ' भनेर सुईंकुटि साइँलाकी छोरी च्याइँकुटी मैयाँले भाउजुको कुर्ता र भाइको जिन्स पाइन्ट लाएर क्याम्पस गइन् ।

आजकलका मैयाँहरूलाई पारदर्शी हुने रहर जागेको छ । घुँडाभन्दा माथिसम्म आउने 'ट्रान्सपरेन्ट' हाफम्याक्सी लाएर कलेज जान नपाएपछि छकमली छैयाँ नौदिनसम्म कोठाबाट बाहिर निस्किइनन् । बाटोमा हिँड्ने आवारा ठिटाहरूसँग झ्यालमा बसेर मस्किन र जिस्कीन दिइनन् आमाले भनेर नानीचरीकी छोरी सुनचरीले उधुम मच्चाइन् । डम्मरेको मोडर्न छोरो डनले डिङ्गो बूट बजार्न नपाएको झोंकमा महिना दिनसम्म थोत्रो चप्पल लतार्‍यो । खुमार्नेको छोरो विरमानेले राजेश हमालले झैं जुल्फी लर्काउन पाइएन भनेर बाउआमालाई नै थर्काउन थाल्यो । खुमार्नेको पालो -'तँ लुम्ठा बज्जिया जोगी बन्' भनेर वास्तै गर्न छाडिदियो । माकुरीकी छोरी लाँकुरी मैचा मकुन्ने माइलोसँग इत्रिन पाइएन भनेर ठुस्किँदै मामाली हिँडिन् ।

'मखन्नी माइकलसँग नहिँड्, त्यो आवारा हो, गुण्डा हो, त्योसँग संगत नगर' भनेर बाबुले सम्झाउँदा छोरी म्याडोनाले बाउँसँग बोलचालै बन्द गरेको बीस दिन भयो । देशमा प्रजातन्त्रसँगै अरु कुरामा पनि प्रजातन्त्र आउनुपर्ने मोडर्न छोराछोरीको माग छ । यस्तो बेलामा पनि आफूले रोजेको ब्वाइफ्रेन्डसँग विहे गर्न नपाउनु भनेर पानकुमारी पुलामी त्यो पंचकुमार पंक्स्सँग पोइल जान ठिक्क परिन् । पंचकुमार पंक्स् पनि पानकुमारीलाई पट्याउन पाए उसलाई पान पसल थापिदिने र आफू पापड पेलेर पेट पाल्ने विचारमा थियो । तर पानकुमारीका बाउआमाले 'त्यो पंक्स्लाई छोरी दिनुभन्दा त बरु त्यै ढलमतीको बागमतीमा बगाइदिन्छौं' भनेर ज्यान गए मानेनन् । पंचकुमार पंक्ससँग पोइल जाने योजना फ्लप खाएपछि पानकुमारी पाँचदिनसम्म कोठाबाट बाहिर आइनन् । अन्तमा पानकुमारीले पटुकीलाई डोरी बनाएर झ्यालबाट झरिन् र त्यै पंचकुमारसँग पोइल हिँडिन् । यस्तो छ जमाना !

पंकज पचौरीको पाँच कक्षा पढ्दै गरेको छोरो पोष्टप्रसादले पल्लाघरे पटवारीलालकी छोरी पकुल्लीकुमारीसँग नेटमा 'च्याट' गरेर लभ गर्न थाल्यो । छोरो मोरोले नेटमा च्याट गर्न थालेपछि टेलिफोनको बिलले पचौरीको धोति फुस्किने गरी ढाड खुस्काइदियो । 'यति सानो उमेरमा पढ्नेतिर ध्यान नदिई के को च्याट गरेर लभ गर्छस् गधा !' भन्दा त उल्टै बाउलाई हप्काउँदै -'आफूले चाहिँ सोऱ्ह वर्षकै उमेरमा गामबाट आमालाई भगाएर मामाको घरमा पुऱ्याउन हुने, मैले त्यो पकुल्लीसँग नेटबाट च्याट गरेर लभ गर्न नहुने ?' भनेर नाजबाफ बनाइदियो । पंकज पचौरीको पालो लौ, खा त भनेर कम्प्यूटर नै बेचिदियो । छोरोले पनि यत्रैसिति भनेर स्कुल जानै छाडिदियो । यो जमाना मोबाइलको छ । लेडा र लेडीहरु कक्षाभित्रै पनि एक कुनाबाट अर्को कुनामा मोबाइलबाट लभ गर्ने चलन आइसक्यो ।

माथ्लाघरे मखमलीकी छोरी छकमली भर्खर सोऱ्ह पुगी । वैंस चढेर छट्टाउन थालेकी छन् । एसएल्सी पास गरेर कन्या कलेजमा के पाइला टेकेकी थिई घरमा त उन्मत्त भैरव झैं मैमत्ता पो हुन थाली बा ! न कसैलाई हेर्नु, न कसैलाई टेरपुच्छर लाउनु, बाउले भनेको मान्नु पनि छैन, आमाले अऱ्हाएको गर्नु पनि छैन । हिजोका दिनमा स्कुल हिंडिञ्जेलसम्म सर्ट-पेन्ट लाउने छोरीले कलेज जान छ्याङ्छ्याङ्ती देखिने पारदर्शी ड्रेस भिर्न थालेपछि बाउआमा लाजले भुतुक्क भए । सिलिकको हाफ म्याक्सी र पारदर्शी हाफसर्ट लाएर नाकै काटिदियो । त्यसपछि त आमा मखमलीलाई सही नसक्नु भो । आमा पड्किइन् -' ए छँडुली, तैंले यो कुइरे-कुइरीनीलेझैं ह्वाङ्ग र छ्याङ्ग देखिने के लाएको हँ ? तँलाई लाज सरम छैन ? ' छकमली पनि किन कम हुन्थिन्, कलेज पढने मोडर्न मैयाँ न हुन्, कालभैरव झैं भइन् -'यो मोडर्न जमाना हो मम् , तपाईंका पालामाजस्तो कम्मरदेखि कुर्कुच्चासम्म ढाक्नेगरी दशहाते फरियालाई बीसहाते पटुकीले बेर्दैनन् बुझ्नुभो ? टेलिभिजनको ' भि ' र ' जी ' च्यानलमा आउने बृट्नी स्पेयर, बृट्नी ह्विट्स्, जेनिफर लोपेज, जस्टीन ज्याक्सन्, म्याडोना, पवेलले त्यत्रा मान्छेका अगाडि नाङ्गै भुतुङ्गै नाच्न-गाउन हुने, म चाहिँ हाफम्याक्सी लाएर कलेज जान नहुने ? अब पनि तालुदेखि पैतालासम्म छपक्कै छोपेर हिँडूँ ?' छोरी छकमलीको पात्तिएको कुरा सुनेर मखमली मुन्टो बटारेर भित्र छिरिन् ।

पल्लाघरे पातलीकी छोरी पुन्टी साऱ्है झुन्टी भइन्, चार फिट चानचुन मात्रै हाइट । यस्तै पुन्टीलाई पनि मोडर्न मैयाँ बन्ने खुब रहर थियो । स्कुल पढ्न थालेपछि पुन्टीलाई मोडर्न बनाएर ' प्यान्टी' नाम राखिन् । तर पनि टोलतिर उनलाई झ्यान्टी भनेर जिस्काउन छाडेनन् । प्यान्टीलाई झनक्क रीस उठेपछि अरुभन्दा अग्लिनका लागि ६ इञ्चको हाइहिल जुत्ता लाउन थालिन् । पाँचफिटे बन्न हाइहिल त लाइन तर एक दिन सिनेमा हलको सिँढीबाटै खुरमुरिएपछि खुट्टा भाँचिएर सात दिन वीरअस्पताल बसिन् । छिमेकमा अर्की छिन् करङ्कुमारी । भरेङ्मै उभिएर पनि फोन चाहिँ गर्नैपर्ने । रातदिन फोनमा मात्र झुण्डिइरहने भएकोले ती करङ्कुमारीको नामै फोनकुमारी रह्यो ।

लेडालेडीको यो आधुनिक जमाना बडो गजबको छ । नाङ्गै भुतुङ्गै हिंड्न नपाए लेडिहरुले बाउआमालाई ध्वाँस छोड्ने र पंक्स् बनेर घुम्न नपाए लेडाहरुले घरमै दादागीरी गर्ने चलन आयो । आफै पढ्ने कलेज र विश्वविद्यालयमा राजनीति गर्न नपाए पढाइ बहिष्कार, सल्लाह-सुझाव दिने गुरुहरूलाई ठाडै तिरस्कार । रल्लिँदै अबेर आएर कक्षामा हल्लीखल्ली गर्न नपाए पढ्दै नपढ्ने । परीक्षा हलमा नोटबुक, गाइड, पुस्तक अगाडि राखेर सर्लक्क सार्न नपाए परीक्षा नै नदिनेजस्ता रोचक कहानी सुन्न पाइन्छ हिजोआज । मोडर्न छोराछोरीले बाउआमाको गिदीलाई लिदी बनाउन थालिसके । घरको एउटै टेलिभिजनमा पनि बाउलाई 'समाचार' हेर्नुपर्ने, आमालाई 'कसौटि जिन्दगी कि र क्यों कि सास भि कभि बहु थी' हेर्नुपर्ने, अनि छोराछोरीलाई भने पपको जप गर्दै 'भि' र 'इ !' हेर्नुपर्ने । अझ मोडेर्न मैयाँ भइन् भने त झन सर्वनाशै भयो । पारदर्शी लुगा लाउनैपर्ने, क्लबमा डिस्कोडान्स गर्नैपर्ने, सिनेमा हेर्नैपर्ने, ब्वाइफ्रेन्डसँग घुम्नैपर्ने, ब्यूटिकन्टेस्टमा भाग लिनैपर्ने, फेसन सो मा जानैपर्ने । जे गरेर भए पनि यो आधुनिक जमानाको बिँडो धान्न मोडेर्न मैयाँ बन्नैपर्ने । यो कस्तो जुग आयो, धन्य प्रभु !

*(व्याङ्ग्यकार श्रेष्ठ विश्व शान्ति चिरन-मीलन क्याम्पस बाँसबारी, काठमाडौंका उपप्रध्यापक हुन् ।* ●

मध्यान्ह
Madhyanha National Daily   राष्ट्रिय दैनिक
१७ वर्ष पुरा गरी १८औं वर्षमा प्रवेश गरेको अवसरमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
GSG
GSG Service Nepal Pvt. Ltd.
Family
Dhara Marg, Maharajgunj, Kathmandu, Nepal
Contact No.: +977-1-44162932/4416085
Email: gsg@wlink.com.np


हार्दिक शुभकामना
विगत १७ वर्षदेखि राजधानीबाट प्रकाशित हुँदै आएको मध्यान्ह राष्ट्रिय दैनिक १८औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं ।
शोभाकान्त अर्याल, अध्यक्ष
गगन श्रेष्ठ, प्रबन्ध निर्देशक
प्रेम राज पौडेल, डाइरेक्टर
दावा शेर्पा, डाइरेक्टर
तथा
गण्डकी ओभरसिज कन्सर्न प्रा.लि.
परिवार
आलोकनगर, मिनभवन, काठमाडौं, फोन : ४१०६७११

हार्दिक शुभकामना
विगत १७ वर्षदेखि राजधानीबाट प्रकाशित हुँदै आएको मध्यान्ह राष्ट्रिय दैनिक १८औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं ।
हरी प्रसाद थापा
अध्यक्ष
तथा
डि. प्रोटोन म्यानपावर सप्लायर्स प्रा.लि.
परिवार
पिंगलास्थान, विजयचोक, काठमाडौं, फोन: ४४९८७९२

हार्दिक शुभकामना
विगत १७ वर्षदेखि राजधानीबाट प्रकाशित हुँदै आएको मध्यान्ह राष्ट्रिय दैनिक १८औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं ।
लक्ष्मण पौडेल
कार्यसमिति सदस्य
नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
एवं
त्रिवेणी ओभरसिज कन्सर्न प्रा. लि.
परिवार
सामाखुसी, काठमाडौं, फोन नं.: ०१-४३८७६०१, ४३८७६०२

हार्दिक शुभकामना
विगत १७ वर्षदेखि राजधानीबाट प्रकाशित हुँदै आएको मध्यान्ह राष्ट्रिय दैनिक १८औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं ।
JOBS GLOBAL.COM
चन्द्रसिंह अदै
प्रबन्ध निर्देशक
तथा
जब्स ग्लोबल डट कम इम्प्लोइमेन्ट सर्भिसेज प्रा.लि.
परिवार
पानीपोखरी, काठमाडौं, फोन: ४००२६२४, ४००२६२५

# युगान्तकारी शिक्षा



शिवकुमार श्रेष्ठ



शिक्षा अनिवार्य भए पनि वन्द कोठामा होइन, खुल्ला प्रकृतिमा प्रयोगात्मक शिक्षा दिनुपर्दछ भन्ने मान्यतालाई विश्वले स्वीकार गरि सकेको छ। त्यहि भएर भारतका महान वंगाली कवि रविन्दनाथ टंगारेले भनेका छन्। "बालबालिकालाई आफ्नो ज्ञानको घेरा भित्र सीमित नगर किन कि उनीहरु अर्कै समयमा जन्मेका हुन" ।

शिक्षाको अर्थ ज्ञान, चेतना र वृद्धि अभिवृद्धि गर्नु हो । उक्त शिक्षालाई समाज र देशको लागि समुचित उपयोग गरे देश विकास र समृद्धि तर्फ अग्रसर हुन्छ । यसको लागि शिक्षा अनिवार्यको साथै यसको सम्पूर्ण जिम्मेवारी राज्यको तर्फबाट सरकारले लिनु पर्ने हुन्छ। शिक्षालाई सुधारनीति अपनाई आधुनिक, व्यवहारिक र प्राविधिक शिक्षा अपनाए देश विकास र सम्मुनत हुनुका साथै सभ्य नागरिकको निर्माणमा सहायक सिद्ध भई वढ्दो जनसंख्याको आवश्यकता सहज र सरल ढंगले हुनेछ । नयाँ प्रविधि र नयाँ क्षेत्रहरुमा हामीले नगई कुनै विकल्प छैन । त्यसका लागि हामीमा प्रतिवद्धता, लगनशीलता, आँट र साहस आवश्यकता पर्दछ । आस्थाले भएको कामले सफल बनाउँछ । दृढ र निश्चयी व्यक्तिले सफलताको शिखर चुम्न सफल हुन्छ । त्यसै भएर कुनै नयाँ चिज आविष्कार गर्न मेहनत, लागत र सिर्जनशीलता आवश्यक पर्दछ। आजको भौतिकतावादी युग र वैज्ञानिक युगका कारण विभिन्न भौतिक सुविधा सम्पन्न हुनुको श्रेय युगान्तकारी शिक्षालाई नै जान्छ। शिक्षामा समता, समानता, समावेशीलाई आत्मसात गर्नु आजको मूलमन्त्र हो । यी तीन आधारलाई विकास र विस्तार गरे मात्र वास्तविक शिक्षा प्रणालीको वास्तविक रुपलाई जीवनोपयोगी हुन सक्छ । किनकी शिक्षाको विकास विना देश विकासको कल्पना गर्नु वालुवामा पानी हाल्नु जस्तै हुन्छ । हामीहरु राज्यको लगानीमा प्राविधिक, भौतिक, मानवीय स्रोत र साधनको मात्र अपेक्षा नगरि सम्पूर्ण अभिभावक, समाज र संघ संस्था समेतको तदारुकताले मात्र गुणस्तरिय शिक्षाले दिगोपन लिन सक्छ । नागरिकको काम र कर्तव्य बोध गर्न शिक्षाको अपरिहार्यता हुन्छ । यसका लागि नैतिक शिक्षाले असल नागरिक निमार्ण गर्न अहम भूमिका रहने हुँदा पाठ्यक्रममा समावेश हुनु जरुरी छ। समानता, मर्यादा र न्यायमा शिक्षा विना असंभव छन्। नागरिक शिक्षाले कानूनको पालन गर्न र नैतिक शिक्षाले चेतनाको विकास गराउँछ । समाजमा भएको कुसस्कृति, कुसंस्कार र अन्धविश्वासलाई रुपान्तरण गरि सकारात्मक जीवनशैली यापन गर्न र देश विकासमा सहयोगी हुने छ। शिक्षा सबैका लागि समान अवसर र पहुचमा हुन पर्दछ। अव्यवहारिक र अवैज्ञानिक शिक्षाको ठाउँमा व्यापक सुधार गरि व्यवहारिक, परिवर्तनमुखी, वैज्ञानिक र प्राविधिक युगान्तकारी शिक्षाको अपरिहार्यता र खाँचो छ। राज्यलाई सहयोग गर्ने दायित्व सभ्य नागरिकको भएकोले शिक्षा ग्रहण गर्ने व्यक्तिलाई मानव अधिकार र कर्तव्यको ज्ञान पूर्णरुपमा गराउनु पर्दछ ।यस्ता कुरा निर्माण गर्दा वुद्धिमात्र पुऱ्याएर नभई वुद्धि पनि विवेकपूर्ण हुनु जरुरी छ। जसले गर्दा विधिको शासन अनुभूति गर्न सकियोस ।

परम्परावादी शिक्षा प्रणालीमा युगान्तकारी परिवर्तन नभएसम्म देशमा शिक्षाको विकास संभव छैन। सीपमुलक शिक्षा पनि नअपनाउनु र सरकारले अदक्ष शिक्षित युवाहरुलाई रोजगारी दिन नसक्नु पनि विडम्वना वाहेक के नै हुन सक्छ ? शिक्षा अनिवार्य भए पनि वन्द कोठामा होइन, खुल्ला प्रकृतिमा प्रयोगात्मक शिक्षा दिनुपर्दछ भन्ने मान्यतालाई विश्वले स्वीकार गरि सकेको छ। त्यहि भएर भारतका महान वंगाली कवि रविन्दनाथ टंगारेले भनेका छन्

"बालबालिकालाई आफ्नो ज्ञानको घेरा भित्र सीमित नगर किन कि उनीहरु अर्कै समयमा जन्मेका हुन" । विकसित मुलुकमा शैक्षिक प्रमाण पत्रलाई कम महत्व र सम्बन्धित कामको सीप र क्षमतालाई बढी महत्व दिने प्रचलन शुरु भैइसकेको छ । एक दशक यता संसारभरि नै योग्यताको प्रमाण पत्रलाई दिइने महत्व ५० प्रतिशतले घटि सकेको छ। अनिवार्य शिक्षा प्रणाली, धोकन्ते विधा, स्कूल कार्य, गृहकार्य नियम संसारका सबै जनताले अनुशरण गरेका भए सायद आज विश्वमा यत्रो आविष्कार हुने थिएन होला । अनिवार्य शिक्षाले मानिस भित्र भएको प्रतिभालाई प्रस्फुटन हुन दिदैन । त्यहि भएर आफ्नो लक्ष्य पछ्याउनेले शिक्षक, अभिभावक र समाजको वास्ता नगरि निरन्तर आफ्नो अनुसन्धान र आविष्कारमा लागि रहेकै कारण यत्रो ठूलो फड्को मारि आविष्कारको जगतमा आई पुगेका छौं ।

सन् २०१८ मा वेरोजगारको दर ११.३५ प्रतिशत पुगेको अवस्थामा यसलाई न्युनिकरण गर्न युगान्तकारी शिक्षा अपरिहार्य भएको टड्कारो देखिन्छ । शिक्षालाई गुणस्तरिय, जनमुखी, प्रगतिशिल र जीवनोपयोगी नभई पुरानो शैली र परम्परागत पढाईबाट देश विकास हुन सक्दैन । यसका लागि जागरिलो पौरखी शिक्षा हुनु पर्दछ । शिक्षाले व्यवहारमा परिवर्तन ल्याउनु पर्छ । शिक्षित व्यक्तिले देखाउने बानी व्यहोरा चाल चलन चरित्रका आधारमा गुणस्तरिय आधुनिक शिक्षा हो भनिवुझिन्छ । शिक्षाको प्रमुख उद्देश्य भनेकै व्यक्तिको अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गराएर उत्कृष्टता हासिल गर्ने तर्फ उन्मुख गराउनु हो । त्यहि भएर दार्शनिक वेकनले भनेका छन् "शिक्षाले ज्ञान, आभुषण र योग्यता तीनवटै कुरा एकै पटक दिन सक्छ "।

जसले विद्या तर्फ ध्यान दिदैन र समय व्यर्थ नष्ट गर्दछ । उसले मानिस भइ जन्म लिएको निरर्थक हुन्छ ।७७ जिल्लामध्ये हाल सम्म ५१ जिल्ला साक्षर घोषणा भएका छन्। बाँकी २६ जिल्लालाई वि.सं.२०७७ साल भित्र निरक्षर सून्य पार्ने उद्देश्यका साथ पाँचौ पटक अभियान लागु गरि देशलाई साक्षर घोषणा गर्ने कार्यमा सरकार मातहतका संघसंस्था र शिक्षा तथा विज्ञान मन्त्रालयका विभागहरु अग्रसर छ। हालसम्म ८७ प्रतिशत साक्षर छन्। ०६८ सालको आंकडा अनुसार ७८.७० प्रतिशत साक्षर थिए । शिक्षाले समाजमा रहेको कुप्रथा, अन्याय, अत्याचार, विभेद, डर, गलत र विकृति हटाई सुसम्पन्न र सुव्यवस्थित समाज निमार्ण गर्ने प्रमुख मेरुदण्ड हो। शिक्षा भनेको त जीवन चलाउने र ज्ञान विस्तार गर्ने माध्यम हो । आजको परिस्थितिमा सक्षम, दक्ष, भ्रष्टाचारविरोधी, राष्ट्रवादी कर्मचारी, राजनीतिकर्मी, व्यापारी, वैज्ञानिक र आम नेपाली जनतालाई उत्पादन गर्ने शिक्षाको खाँचो छ। यी कुराहरुलाई प्राप्तिका लागि आजैदेखि उचित शिक्षा दिनु पर्दछ । गुणस्तरिय शिक्षा सुनिश्चतको लागि अग्रगामी योजना, कुशल व्यवस्थापन, समसामयिक पाढ्यक्रम, लगनशील विद्यार्थी, जवाफदेहि शिक्षक, सचेत अभिमावक र जागरुक समुदाय आधारभूत सर्त हुन । व्यवहार र कडा आचरण संहिताको व्यवस्था कार्यन्वयन गरिनु पर्छ । साथै दक्ष, कर्मठ, राष्ट्रसेवी जनशक्ति उत्पादन गर्न साधन स्रोत सम्पन्न व्यवस्थित शिक्षा हुनु पर्दछ । अवसर र सुविधा समान वितरण भएको खण्डमा सन्तुलित शिक्षा विकास हुनुको साथै शैक्षिक प्रणाली मजबुत भएर जान्छ । शिक्षामा सबैको पहुँच सुनिश्चित गरि समातामूलक समाज निमार्ण गर्न उत्पादन, श्रम, रोजगारी र स्वाभिमानसँग गाँसिएका उत्पादन मूलक, प्राविधिक र व्यावसायिक युगान्तकारी शिक्षा आजको आवश्यकता भएको छ । हाम्रो देशको शिक्षालाई अन्तराष्ट्रित स्तरसम्म पुयाउन शिक्षामा सुधारका लागि सार्वजनिक विद्यालयमा सवलीकरण कार्यक्रमहरु सक्रिय र योजनावद्ध तरिकाले लैजान सके प्रगतिको पथतर्फ लम्कने छ। ●












१७ वार्षिक विशेषांक

# आशा र अवसर

मध्यान्ह राष्ट्रिय दैनिक
१८औं
वर्षमा प्रवेश

# मध्यान्ह राष्ट्रिय दैनिक

**१७औं वर्ष पूरा गरी १८औं वर्षमा प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं।**


City Express Media Pvt. Ltd.
सिटी एक्सप्रेस मिडिया प्रा.लि.
Amrit Kumar Panthee
Managing Director
Cell: 9851046267, 9841302442
Kalanki-14, Kathmandu
Tel No. +977-1-5234623
www.cityemedia.com.np, Email: cityemedia@gmail.com

adtech media house
Adtech Media House Pvt. Ltd.
Anamnagar, Kathmandu, Nepal
Tel: 015706360, Mobile: 9841936833
E-mail: adtechnepal@gmail.com
Grow with Trend...

Newspaper Ad Design & Print, Radio Jingle Compose and Release, TVC Ad Production and Broadcast
Ram Bajracharya
Managing Director
Creative Media Print
Advertise Design Print
Putalisadak, Kathmandu, Nepal
Call: 9851156711
Email: creativemedia2071@gmail.com

जोईन मिडिया हाउस प्रा.लि.
Join Media House P. Ltd.
Anamnagar, Kathmandu, Nepal
Tel: 01-4261030, Mob: 9851133942, 9851069943
Email: joinmediahouse@gmail.com

डायल अप मिडिया प्रा. लि.
Dial Up Media Pvt. Ltd.
Authorized Agency for Advertisement
Tinkune, Kathmandu, Nepal.
Email : dialupmedia@gmail.com

TechMedia
TechMedia House Pvt. Ltd.
New Baneshwor Plaza 'E' Block, 5th floor
New Baneshwor, kathmandu
P.O.Box:-21685, Ph:-01-4473086
e-mail: info@techmediahouse.com.np
web: www.techmediahouse.com.np

Graphic Designing · Advertising · Printing · Branding
Santosh Paudyal
Managing Director
Namaste Creation & Advertising Pvt. Ltd.
Anamnagar, Kathmandu
+977-1-4232741
9851153579

MAKR Media pvt. ltd.
Ramshahapath, Kahtmandu.
01-4239681, 9851093009
markmediaservice@gmail.com

Pankaj Shah
Chairman
JP Media Solution Pvt. Ltd.
One More Step
New Baneshwor, Kathmandu
Advertisement on all Media Houses
IT Solution · All Kinds of Printing Works

WELCOME
ADVERTISING & MARKETING
www.welcomeadnepal.com

Spectrum
ADVERTISING & MEDIA CONSULTANT
Kamaladi Ganeshthan, Kathmandu, Nepal.
Tel: 977-1-4242890, 4221838
E-mail: spectadv@gmail.com
URL: www.spectrumad.com.np

Manaslu
ADVERTISING & MEDIA PVT. LTD.
Newplaza, Kathmandu, Nepal
Phone No : 01-4436965, Fax: 01-4436965
Email : manasluad@gmail.com

S.D. Media Pvt. Ltd.
Authorized Agency for Advertisement
Electronic Broadcasting
Print Both Govt. Private Medias.

सिडिसि ग्रुप (प्रा) लि.
CDC Group
Communication Development Collaborative Group Pte. Ltd.
Anamnagar, GPO Box: 2444, Kathmandu, Nepal
Tel: 5705500 / 5706021
E-mail: cdcgroup.marketing@gmail.com
cdcgroup@mail.com.np
Website: www.cdcgroup.com.np
Full Service Integrated Marketing Communication (IMC) Agency

नेपालको जुनसुकै पत्रपत्रिका, टेलिभिजन, एफ.एम. आदिमा विज्ञापन सर्त सुलभ रुपमा विज्ञापन गर्नको लागि हामीलाई सम्झनुहोस्।
SUNMOON Media Pvt. Ltd.
Lazimpat - 2, Kathmandu, Nepal
Phone: 4441775, 4002032
Mob.: 9851036249, 9851196549, 9841681970
Email : mediaforadvt@gmail.com
Web: www.sunmoonmedia.com.np
"call us for effective and innovative advertising and designing"

ADBOX Private Limited
...your advertiser
P.O. Box 20839, Lazimpat, Kathmandu
Tel: 4444066, 4411586 Fax: 4415836
E-mail: adboxpvtltd@gmail.com

Ramhari Dhungel
Managing Director
Sarthak Multipurpose Pvt. Ltd.
Shreera Advertising Pvt. Ltd.

JAYA LALIGURANS
INVESTMENT & TRADING COMPANY PVT. LTD.
Lalitpur-3, Hariharbhawan
+977-01-5010711, 5010610
jayalaligurans@gmail.com
OUR SERVICES: ADVERTISING AGENCY, PRINTING PRESS, PROPERTY VALUATION

Aagan Media Pvt. Ltd.
Kalanki, Kathmandu
Tel.: 01-5218383, 9851124986, 9843016509
Email: aaganmedia@gmail.com

ENZO
Pramod Shrestha
Managing Director

Que Media & Marketing
Que Media & Marketing P. Ltd.
New Baneshwor, Kathmandu, Nepal
Contact No. 01-4785404
Email: q.medianepal@gmail.com,
quemediamarketing@outlook.com

EVEREST AD. & EVENT MANAGEMENT
Branding the Ideas...
P: 01-5591875 | E: inquiry.everestad@gmail.com

Akshaya Publication & G Media Pvt. Ltd.
Kupandole, Lalitpur, Nepal

हार्दिक बधाई !
adPoint Pvt. Ltd.
Anamnagar, Kathmandu, Nepal
01-4238054, 9851019329
adpointpltd@gmail.com

आदर्श बुक्स प्रा.लि.
परिवार
भुगोलपार्क, काठमाडौं

विश्वराज तामाङ
प्रबन्ध निर्देशक
त्रियुगा मिडिया एजेन्सी प्रा.लि
TRIYUGA Media Agency Pvt. Ltd.

तपाइको सम्पूर्ण विज्ञापनका लागी
aastha advertising
01-4476397, www.aasthaad.com.np

Ram Kumar Shrestha
Managing Director
ANNEX ADVERTISING SERVICE